म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२८ बुधबार, ९ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 24 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चित्लाङ भ्यूटावरको आज उद्घाटन हुने

हेटौंडा, ८ पुस/बागमती प्रदेश सरकारको लगानीमा थाहा नगरपालिका-९ चित्लाङको चन्द्रागिरि भञ्ज्याङमा निर्माण गरिएको भ्युटावर आज बुधबार उद्घाटन गरिने भएको छ ।

प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले भ्युटावर उद्घाटन गर्ने कार्यक्रम रहेको थाहा नगरपालिकाले जनाएको छ । गत मंसिर २४ गते पर्यटन विकास आयोजना हेटौंडा र थाहा नगरपालिकाबीच भ्युटावर सञ्चालन तथा व्यवस्थापनको सम्झौता भएको थियो । सम्झौताअनुसार भ्युटावर थाहा नगरपालिका आफैंले वा अन्य सेवाप्रदायक मार्फत् सञ्चालन गर्न सक्ने व्यवस्था छ ।

बागमती प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन प्याकेज कार्यक्रम' (२०७६-२०७८) अन्तर्गत भ्युटावर निर्माणको काम अघि बढाएको थियो । हिल स्टेशनमा भ्युटावरसँगै क्रियसन हल, शौचालय, रिटेनिङ वाल, गेट, गार्ड हाउस तथा अन्य सहायक संरचना निर्माण गरिएको छ । परियोजनाको लागत दुई चरणमा मूल्य समायोजनसहित कुल पाँच करोड २७ लाख ४७ हजार ८ सय ५२ रुपैयाँ पुगेको छ ।

# संघले माग्यो प्रदेश र स्थानीयसँग विशेष अनुदानका योजना

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका र नगर पालिकालाई संघीय समपूरक अनुदान र विशेष अनुदानका लागि कार्यक्रम प्रस्ताव गर्न आग्रह गरेको छ ।

समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट प्रस्ताव आह्वान गरिएको हो । नयाँ आर्थिक वर्षका लागि बजेट निर्माण गर्न माघ मसान्तभित्र समपूरक र विशेष अनुदानअन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि प्रस्ताव पेस गर्नुपर्ने समयसीमा रहेको छ । सोही आधारमा मन्त्रालयले ती अनुदान कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमका लागि प्रस्तावसहित विवरण तयार पारी पेस गर्न भनिएको हो । त्यस्तो प्रस्ताव आगामी माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणालीमार्फत् पेस गर्न मन्त्रालयले आग्रह गरेको छ । बजेट निर्माणका लागि विभिन्न समयसीमा निर्धारण गरिएको छ ।



**समपूरकका प्रमुख क्षेत्र कुन हुन् ?**

आयोगकाअनुसार समपूरक अनुदानका लागि प्रदेश र स्थानीय तहले कृषि पूर्वाधारलाई प्राथमिकता दिन सक्ने छन् । जसमा कृषिउपज प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधारमा बजेट माग गर्न सकिने भएको छ ।

त्यस्तै खानेपानी र सर सफाइ, सिँचाइ तथा नदी नियन्त्रण, फोहोरमैला प्रशोधन र व्यवस्थापन तथा शैक्षिक पूर्वाधारमा आयोजना माग गर्न सकिने छ । पर्यटन पूर्वाधार, मध्यवर्ती क्षेत्र विकास, विद्युत्, ऊर्जा, विज्ञान तथा प्रविधि विकास पूर्वाधार तथा स्वास्थ्य पूर्वाधारमा बजेट माग गर्न सकिने आयोगले जनाएको छ । आयोगकाअनुसार आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरण लागत अनुमान निकालिएको हुनुपर्छ । तर, १० करोड रुपैयाँभन्दा माथिको लागत अनुमान भएका आयोजना वा कार्यक्रमका हकमा विस्तृत आयोजना प्रतिवेदन समावेश गर्नुपर्ने सर्त राखिएको छ ।

आयोजना वा कार्यक्रमको प्रचलित कानुनबमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन स्वीकृत भएको सम्बन्धित तहको पत्रसमेत आवश्यक हुने आयोगले उल्लेख गरेको छ । आयोगकाअनुसार क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिर्नुपर्ने भएको छ । प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिभित्रै सम्पन्न गर्नुपर्ने छ ।

त्यसो गर्न नसके आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने सूचनामा उल्लेख छ । तलबभत्ता, मसलन्द लगायत साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक तथा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना र कार्यक्रम वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने आयोजना र कार्यक्रममा केन्द्रले बजेट नदिने आयोगले स्पष्ट पारेको छ । न्यूनतम सीमाभन्दा कम कुल लागत भएका आयोजना प्रस्ताव गर्न पाइने छैन ।

**विशेष अनुदानको प्राथमिकता के ?**

आयोगकाअनुसार विशेष अनुदानका हकमा शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि, आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा सरसफाइमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न सकिने भएको छ ।

आर्थिक, सामाजिक वा अन्य कुनै पनि प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पाकदत्व वृद्धि र आयआर्जन तथा जीविकोपार्जन सुधारका कार्यक्रम प्रस्ताव गर्न सकिने आयोगले स्पष्ट पारेको छ । यस्ता आयोजना पूर्वतयारी पूरा गरिएका हुनुपर्ने छ । क्रमागत आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । समयमा कार्यक्रम नसकिए त्यसको लागत स्वयं प्रदेश वा स्थानीय सरकार हुनुपर्ने छ ।

चालु प्रकृतिको खर्च तलब भत्ता, ऋण भुक्तानीजस्ता प्रयोजनमा विशेष अनुदान प्रदान नगरिने आयोगले स्पष्ट पारेको छ । यस्ता आयोजना उपभोक्ता समितिबाट खर्च गर्न पाइँदैन । स्थानीय तथा प्रदेश सरकारले वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्छ । आयोजनामा दोहोरोपन हुने गरी सिफारिस गर्न पाइँदैन ।

**कति बजेट जान्छ अनुदानमा ?**

सरकारले हरेक वर्ष तल्ला सरकारलाई विभिन्न चार प्रकारका अनुदान दिने गर्छ । यसमध्ये वित्तीय समानीकरण अनुदान र ससर्त अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसका आधारमा दिने गरिन्छ ।

समपूरक र विशेष अनुदानका हकमा भने आयोगले सिफारिस गर्ने प्रचलन छ । वित्त आयोगले हरेक वर्ष वित्तीय समानीकरण अनुदान बढाउन र ससर्त, समपूरक र विशेष अनुदान घटाउँदै जान सुझाव दिने गरेको छ । समानीकरण अनुदान प्रदेश र स्थानीय सरकारहरुले आफ्नो प्राथमिकता अनुसार खर्च गर्न स्वतन्त्र हुन्छन् । अन्य अनुदानमा भने संघ सरकारका विभिन्न प्रकारका सर्त कायम हुन्छन् ।

चालु आर्थिक वर्ष २०८२/८३ मा कुल ४ खर्ब १७ अर्ब ८२ करोड रुपैयाँ बराबर अनुदान तल्लो सरकारमा विनियोजन गरिएको छ । जसमध्ये विशेष अनुदान १३ अर्ब ४ करोड र समपूरक अनुदान १३ अर्ब ३४ करोड छ । विशेष अनुदान प्रदेशमा ३ अर्ब २६ करोड छ । समपूरक अनुदान प्रदेशमा ३ अर्ब २८ करोड रुपैयाँ जाने गरी विनियोजन गरिएको छ ।

# भत्काइएका घर फिर्ता माग्दै माइतीघरमा प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/हेटौंडामा सडक विस्तारबाट पीडित भएकाहरुले काठमाडौंको माइतीघरमा प्रदर्शन गरेका छन् । मंगलबार बिहान पीडित परिवारले आफ्नो घर फिर्ता गर्न माग गर्दै प्रदर्शन गरेका हुन् ।

सरकारले सडक विस्तारको नाममा डोजर लगाएर घर भत्काएपछि प्रभावित बनेकाहरुले विरोध प्रदर्शन गर्दै आफूहरु घरबारविहीन भएको जनाएका छन् । गैर न्यायिकरुपमा घर भत्काएर स्वयम् राज्यले सुकुम्बासी बनाएको भन्दै प्रदर्शनकारीहरुले जग्गाको मुआब्जा र घरटहरालगायतका संरचनाको क्षतिपूर्ति माग गरेका छन् । मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष भुवनलाल श्रेष्ठ, अभियन्ता विद्या श्रेष्ठ, रमेशराज वज्राचार्यलगायतले भत्काइएका घर फिर्ताको माग गर्दै गैरन्यायिक सडक विस्तारको विरोध गरेका थिए । उनीहरुले आफूहरु अनागरिक हो भने सरकारले घोषणा गर्नुपर्ने नागरिक हो भने बसोबास र सम्पत्तिको सुरक्षा हुनुपर्ने बताएका छन् ।

सडक डिभिजन कार्यालयले हेटौंडा बजारक्षेत्रका ७ किलोमिटर भित्र पर्ने ५ सय बढी घरटहरा भत्काएको छ । सर्वोच्च अदालतले 'तत्कालका लागि घरटहरा भत्काउने काम रोक्न' अल्पकालीन आदेश जारी गरेको थियो । तर, जिल्ला प्रशासन र सडक डिभिजन कार्यालयले भने आफूलाई आधिकारिकरुपमा आदेश प्राप्त नभएको भन्दै घरटहरा भत्काएका थिए । सर्वोच्चले रोक लगाइसकेको छ भन्ने जान्दा जान्दै आधिकारिक चिठीका नाममा डोजर चलाएर राज्यले आतंक मच्चाएको स्थानीयको आरोप छ । पछि डिभिजन कार्यालयले आदेश प्राप्त भएकाले सडक विस्तार कार्य स्थगित गरेको छ ।

सडक डिभिजन कार्यालयले १५ दिनभित्र राजमार्गको हेटौंडा-१५ रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा खाली गराउन मंसिर ५ गते सूचना प्रकाशन गरेको थियो । दुवै राजमार्गमा सडक केन्द्र रेखाबाट दायाँबायाँ २५/२५ मिटर क्षेत्रलाई सार्वजनिक सडक सीमा मानिन्छ । सार्वजनिक सडक ऐन, २०३१ मा सीमाभित्र घरटहरा निर्माण, जग्गा आवादी, कुलो खाडल खनिने काम, तगारो गाड्ने, प्रवेशमार्ग खोल्ने लगायत कुनै पनि गतिविधि गर्न नपाउने व्यवस्था छ । तोकिएको अवधिमा खाली नगरिएको स्थानमा सडक डिभिजनले यही ऐन टेकेर डोजर चलाएको हो ।

सडक डिभिजनका अनुसार बजारक्षेत्रका ५३१ घरटहरा सडकको सीमाभित्र छन् । बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको पहलमा राजमार्गलाई हेटौंडा बजारक्षेत्रबाट अलग गर्न हेटौंडा उपमहानगरपालिका-१ चौकीटोलदेखि राप्ती पुल हुँदै हेटौंडा-१५ रातोमाटेसम्मको राप्ती खोलाकिनार प्रयोग गरेर बाइपास सडक बनाउने योजना अघि बढाइएको थियो । बाइपास सडक अहिले अलपत्र अवस्थामा छ । स्थानीयले सोही सडक सञ्चालन गरेर हेटौंडा बजारक्षेत्र जोगाउनुपर्ने माग राख्दै आएका थिए ।

## मुख्यन्यायाधिवक्ता बस्नेतद्वारा शपथ ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/बागमती प्रदेशकी नवनियुक्त मुख्यन्यायाधिवक्ता अप्सरा बस्नेतले पद तथा गोपनीयताको शपथ दिएकी छिन् ।

प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाको उपस्थितिमा उच्चअदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले प्रदेशप्रमुखको कार्यालयमा मंगलबार आयोजित एक समारोह बीच मुख्य न्यायाधिवक्ता बस्नेतलाई शपथ गराएका हुन् । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ को दफा १४ बमोजिम मुख्य न्यायाधिवक्ता बस्नेतले शपथ लिएकी हुन् । शपथग्रहण कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईं, प्रदेश सरकारका मन्त्रीहरु लगायत उपस्थिति थियो ।

मुख्यमन्त्री बानियाँको सिफारिसमा प्रदेशप्रमुख देवकोटाले बस्नेतलाई गत आइतबार मुख्य न्यायाधिवक्ता पदमा नियुक्त गरेका थिए । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको प्रमुख कानूनी सल्लाहकार रहने व्यवस्था रहेको छ । प्रदेश सरकारलाई कानूनी विषयमा राय, सल्लाह र निर्देशन प्रदान गर्नुका साथै, प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई प्रदेशको प्रतिनिधित्व गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्ताको हुन्छ ।


हार्दिक बधाई तथा शुभकामना



सिनेटर विकेश लाल श्रेष्ठ
राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष वर्ष २०२६

नेपाल जेसीजको आयोजना तथा जनकपुर जेसीजको आतिथ्यतामा सम्पन्न नेपाल जेसीजको ५२ औं राष्ट्रिय महाधिवेशनमा निर्वाचन प्रकृया मार्फत नेपाल जेसीज वर्ष २०२६ का लागि राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा हेटौंडा जेसीज वर्ष २०२४ का शाखा अध्यक्ष तथा नेपाल जेसीज वर्ष २०२५ का राष्ट्रिय महासचिव **सिनेटर विकेश लाल श्रेष्ठ** ज्यूलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

JCI Hetauda

सिनेटर कुशकुमार रिजाल
अध्यक्ष बोर्ड अफ ट्रष्टी
एवम् प्रमुख बोर्ड सल्लाहकार वर्ष २०२५

सिनेटर पंकज दास बानियाँ
अध्यक्ष वर्ष २०२५
एवम् समस्त हेटौंडा जेसीज परिवार






CG motocorp

Authorized Service Point in Hetauda
Himalayan Motors Pvt.Ltd.
हेटौंडा-२, चौकीटोल, ०५७-५२०३३३, ९८२४२२०९६४, ९८०२५६८९७०

साझाकुरा

## हाम्रो कुरा

# एक विद्यालय एक नर्स

बागमती प्रदेश सरकारको सफल कार्यक्रममध्ये 'एक विद्यालय एक नर्स' कार्यक्रम पनि हो । यो कार्यक्रमले विद्यालयमा नर्सको दर्वन्दी सृजना गरी बिपन्न क्षेत्रका बालबालिकालाई स्वस्थ्य बनाउन निकै ठूलो भूमिका निर्वाह गरेको छ । विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई सामान्य स्वास्थ्यपरीक्षण, पत्रुखाना निषेध, ब्यक्तिगत सफाईको चेतना नियमित भिटामिनजन्य सेवा र छात्राका लागि आवश्यक परामर्श जस्ता कार्यले निकै राहत पगेको छ । विद्यालय नर्स झट्ट हेर्दा सामान्य लाग्छ तर, यसले ग्रामीण क्षेत्रका बालबालिकामा ज्यादै राम्रो प्रभाव पारेको छ । बागमती प्रदेश सरकारले गरेका काममध्ये यो पुण्यकार्य साबित भएको छ । सानातिना चोटपटक लाग्दा पनि बालबालिकाले आवश्यक स्वास्थ्यउपचार पाएका थिएनन् । विद्यालयमा नर्सको दर्बन्दी ब्यवस्थापन भएपछि बालबालिकालाई धेरै राहत मिलेको छ । विद्यालय नर्स दर्बन्दी स्थायी नभएकै कारण नर्सहरु लामो समय विद्यालयमा टिकेका छैनन् । बागमती प्रदेशको ८ सय भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको छ ।

विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सरसफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो । प्रदेशको ८ सय ४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका १ सय १९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेट्ने प्रयास गरेको छ । सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स खटाइएको मन्त्रालयले जनाएको छ । किशोर-किशोरीको यौन तथा प्रजननस्वास्थ्य सुधारलाई मध्येनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको हो । पहिलोचरणमा छनोट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो । तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री युवराज दुलाल 'शरद'ले यो कार्यक्रमलाई प्रदेश सरकारको प्रमुख कार्यक्रमको रुपमा अघि सारेका थिए । नागरिकमा सकारात्मक र प्रभावकारी नतिजा प्रदान गर्ने उद्देश्यअनुसार कार्यक्रम अघि बढाइएको थियो । प्रदेशको विकट तथा दुर्गम क्षेत्रका विद्यालयमा नर्सको पद रिक्त रहेका छन् । प्रदेशको ६१ विद्यालयमा नर्सहरुले विभिन्न कारणले जागिर छाडेका छन् । स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका अनुसार गत पुससम्म १०० को संख्यामा नर्सहरु रिक्त रहेको भएपनि हाल ६१ विद्यालयमा मात्र नर्स रिक्त रहेको छ ।

रिक्त रहेका विद्यालयमा निर्देशनालयमार्फत प्रक्रियागतरुपमा छनोट गरी नर्सहरुलाई नियुक्ति दिने काम भइरहेको निर्देशनालयले जानकारी दिएको छ । तथ्यांक अनुसार ३३ गाउँपालिका र एक नगरका विद्यालयमा नर्स छैनन् । काभ्रेको २, सिन्धुपाल्चोकको ६, दोलखा ६, रसुवाको ३, धादिङको ६, रामेछापको ५, ललितपुरको १, नुवाकोटको ४ गाउँपालिकामा नर्स छैनन् भने नुवाकोटको एक नगरपालिकामा पनि नर्स रिक्त रहेको छ । विद्यालय नर्स टिक्ने वातावरण सृजना गर्नका लागि उनीहरुको सेवाको सुनिश्चितता जरुरी छ । यसका लागि प्रदेश सरकारले स्थायी दर्बन्दी सृजना गरी सकेसम्म स्थानीय नर्सलाई नियक्त गर्नु जरुरी छ । नर्सिङ कोर्ष अध्ययन सकेर केही समय विद्यालयमा करारमा काम गर्ने नर्सहरु धमाधम विदेशिने गरेका छन् । नर्स पलायन रोक्ने एउटै उपाय भनेको उनीहरुको दर्बन्दी स्थायी गरी स्थायी नियुक्ति दिन जरुरी छ । विद्यालय नर्सको दर्बन्दी स्थायी नगर्दासम्म विद्यालयमा नर्स टिकाउन समस्या नै देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १० गते बिहीबार २५ डिसेम्बर २०२५ । पञ्चमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५४ सूर्यास्त ५:१४ । क्रिसमस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# बिग्रियो माटो, घट्यो उत्पादन, चिन्तित किसान



✍सुशील दर्नाल

चन्द्रागिरि नगरपालिका-६, महादेव स्थानका अमर गिरीले खेतमा जैविक मल प्रयोग गर्न छाडेको ५ वर्ष भयो । तर उहाँले उत्पादन बढाउने भन्दै जैविक मलको सट्टा रासायनिक मलको प्रयोग गर्दा उत्पादन झन् घट्दै गएको छ । रासायनिक मल प्रयोगको मात्राबारे जानकारी नहुँदा असन्तुलित रासायनिक मलको प्रयोगले माटो बिग्रिएर उत्पादन घट्दे गएको हो भन्ने उहाँको अनुमान छ । रासायनिक मलको प्रयोगले उत्पादनमा ह्रास आउने र माटो बिग्रिने विषयले उहाँलाई चिन्तित पनि बनाएको छ ।

रासायनिक मल प्रयोग गरी तरकारी खेती गर्दै आउनुभएका भक्तपुर, सानोठिमीका र वि डङ्गोलको पनि हरेक वर्ष तरकारी बालीको उत्पादन घट्दै गएको छ । उहाँले भन्नुभयो, 'धेर " उत्पादन गर्ने भनेर रासायनिक मलको प्रयोग गरेको त उत्पादन झन् घट्दै गएको छ, यो र ासायनिक मलको प्रयोगले माटो बिग्रिएर पो हो कि ?' पछिल्लो सयम किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ । माटोमा अम्लीयपन बढ्दै गएको छ ।

किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गर्ने गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको छ । कृषिमा भित्र्याइएको हरित क्रान्तिको दुस्प्रभावस्वरूप माटो बिग्रने दर तीव्र गतिले बढ्दो छ । साथै पहिरो तथा भू-क्षय, शहरीकरण, मरुभूमीकरण, माटोको कडापन वा चट्टानीकरण, एकल बाली खेती र माटोमा प्राङ्गारिक पदार्थको कम प्रयोगलगायत कारणले गर्दा पनि माटोको स्वास्थ्य र गुणस्तर खस्कँदै गएको छ । जसले किसानलाई नै बढी घाटा पुऱ्याएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार विभिन्न कारणले यो वर्ष कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब १,२७,३८३ मेट्रिक टन घटी उत्पादन हुने देखिन्छ ।

मन्त्रालको प्रतिवेदनमा भनिएको छ, 'प्राप्त तथ्यांकअनुसार यो वर्ष बालीतर्फ ३ अर्ब ५४ करोड ६१ लाख ४ हजार, पशुपन्छी, मत्स्य तथा घाँस खेतीतर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ १ करोड ६ लाख २५ हजार, सरकारी कार्यालयतर्फ ५८ लाख ६० हजार, जमिन कटानतर्फ ३ करोड ७१ लाख १७ हजार र बीउबिजनतर्फ २ करोड ८१ लाख ४ हजार बराबरको क्षति गरी जम्मा ३ अर्ब ७६ करोड १२ लाख ५२ हजार रुपियाँ बराबरको क्षति भएको देखिन्छ ।

तरकारीमा सबैभन्दा बढी रु. १ अर्ब २५ करोड ७१ लाख ३३ हजार ५५० बराबरको क्षति पुगेको देखिन्छ, जुन कुल प्रतिशतको ३५.४५ प्रतिशत हुन आउछ ।' अधिक मात्रामा उत्पादन बढाउने लोभमा किसानले खेतबारीमा रासायनिक मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गरेकाले माटोको उर्वराशक्ति घट्न थालेको माटो विज्ञहरुले बताउँदै आएका छन् । माटोविज्ञ जीवन सुवेदीका अनुसार गाईवस्तु पाल्न छोडेपछि प्राङ्गारिक मल बनाउने चलन हराउँदै गएको र किसानले बढी उब्जाउ हुने भन्दै जथाभावी रासायनिक मल प्रयोग गर्न थाल्दा माटो बिग्रँदै गई उत्पादन कम हुन थालेको हो ।

नेपालमा विशेष गरी बलौटे, बलौटे दुमट, दुमट, चिम्ट्याइलो र पाँगो माटो पाइन्छ । बलौटेमा बालुवाको मात्रा धेरै हुन्छ । दोमटमा बालुवा र चिम्ट्याइलो पदार्थ बराबर भएको र चिम्ट्याइलो माटोमा माटोकै मात्रा धेरै हुन्छ । चिम्ट्याइलो माटोमा पानी धारण गर्ने क्षमता बढी हुन्छ । यस्तो माटोमा धानलगायत पानी धेरै चाहिने बाली लगाउन सकिन्छ । बलौटे माटोमा बालुवाको मात्रा लगभग ७० प्रतिशत वा त्योभन्दा बढी हुन्छ । यस्तो माटो खुकुलो हुने भएकाले विशेष गरी आलु, मुला, सलगमसँगै खरबुजा, लौका, फर्सीजस्ता जरेबाली लगाउनु राम्रो हुने विज्ञ बताउँछन् ।

डिसेम्बर ५ मा १२ औं विश्व माटो दिवस मनाइयो । 'स्वस्थ माटो, स्वस्थ गाउँशहर' भन्ने मूल नारासहित नेपालमा पनि यो दिवस मनाइयो । तर, माटो दिवस औपचारिकतामै सीमित भएको छ । दिवसको लागि दिवस मात्रै भएको छ । तीव्र शहरीकरण तथा औद्योगिकीकरणले निम्त्याएको माटो प्रदूषणलगायतका कारणबाट विश्वभर कृषियोग्य जमिन निरन्तर कम हुनुका साथै माटोको संरचना र उर्वराशक्तिमा नकारात्मक असर परेको छ । सरकारसँग दिगो माटो व्यवस्थापनमार्फत माटोको उर्वराशक्ति सुदृढ गरी स्वस्थ माटो भावी पुस्तालाई हस्तान्तरण गर्ने दरिलो योजना छैन ।

माटो उर्वराशक्तिको दिगो व्यवस्थापनका लागि विश्वस्तरमा जनचेतना अभिवृद्धिमार्फत एकताबद्ध प्रयासका लागि यो दिवस नेपालमा दिवसको लागि दिवस भएको छ ।साथै, स्वस्थ उत्पादन प्रविधिको न्यून अवलम्बन, असन्तुलित मलखादको प्रयोग, प्राङ्गारिक मलको न्यून प्रयोग एवं कृषि रसायनको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर खस्कँदै गएको कृषि विभागका महानिर्देशन प्रकाशकुमार सञ्जेलले बताउनुभयो । जसले खाद्य सुरक्षा तथा पारिस्थितिक प्रणालीमा गम्भीर चुनौती उत्पन्न गरेको उहाँको भनाइ छ ।

नेपालमा सन् २०१४ डिसेम्बर ५ मा काभ्रेपलाञ्चोकको पाँचखालमा घुम्ती माटो परीक्षण प्रयोगशालाबाट स्थलगत माटो परीक्षणको औपचारिक शुरुवात गरी विश्व माटो दिवस मनाउन शुरु गरियो । तर यो दिवस मनाउन शुरु गरेको आज ११ वर्षसम्म औपचारिकतामै सीमित छ । खाद्य तथा कृषि संगठनको सिफारिसमा संयुक्त राष्ट्र संघको ६८औँ महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउने कार्यक्रमको शुरुवात भएको हो । यस वर्षको विश्व माटो दिवस राष्ट्रिय स्तरमा मनाउन कृषि विभाग, केन्द्रीय कृषि प्रयोगशाला, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन नेपालको समन्वयमा विभिन्न कार्यक्रम हुँदै छ ।

विभागका महानिर्देशक सञ्जेलले माटो दिवसको अवसरमा केन्द्रीय कृषि प्रयोगशालाको समन्वयमा काभ्रेपलाञ्चोकको मण्डनदेउपुरमा विद्यार्थी र किसानहरुलाई माटो परीक्षणको लागि माटोको नमुना संकलन गर्ने तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । साथै, विभागले स्वानमा माटो परीक्षण शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

डिजिटल माटो नक्सा (डीएसएम) को तथ्यांकअनुसार जाँचिएको कुल माटोमध्ये करिब ५४ प्रतिशत माटो अम्लीय, करिब २९ प्रतिशत माटो तटस्थ र करिब १७ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको छ । पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लीय रहेको छ । गतवर्ष करिब ५३ प्रतिशत माटो अम्लीय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको थियो । नेपालका अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको छ । विशेष गरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङरिक पदार्थको मात्रा कम छ ।

गतवर्ष ३६.९ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मात्रामा प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालको माटोमा औसत २.५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको छ । गतवर्ष नेपालको माटोमा औसत २.७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ ।

देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ । तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ । फस्फोर सको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको कृषि विभागले जनाएको छ । पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ ।

सूक्ष्म पोषक तत्वका दृष्टिले मोलिब्डेनम, जिंक र बोरोनको मात्रा सामान्यत्तया कम पाइएको छ । बोरोनको मात्रा विशेष गरी पूर्वी नेपालमा न्यून छ । साथै, सल्फर पनि मुख्यरूपमा तराई क्षेत्रको माटोमा कम देखिएको सञ्जेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'नेपालको माटोको स्वस्थता बिग्रनुका प्रमुख कारण भनेको गोबर वा कम्पोस्ट मल, हरियो मल आदिको प्रयोग न्यून हुनु र रासायनिक मलको असन्तुलित प्रयोग हुनुको साथै विषादीको प्रयोग बढ्दै जानु हो ।'

विभागका अनुसार बालीचक्रको आधारमा खेती नगरिनु र अवैज्ञानिक तरिकाबाट सघन खेती गरिनु, बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जमिनबाट पूर्णरूपमा हटाइनु वा जलाउनु, भू-क्षय निरन्तर नै रहनु, औद्योगिक प्रदूषणको मात्रा बढ्नु र कृषि औजार/यन्त्रको अधिकतम प्रयोगले माटो कडा बन्दै जानुलगायत माटो बिग्रँदै जानुको मुख्य कारण हुन् । शहरीकरण बढ्दै जाँदा खुला माटो कङ्क्रिट र सडकले ढाकिँदै छ, जसले माटोको पानी सोस्ने र बिरुवा उमार्ने क्षमता कम भएको छ । ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं शहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा ह्रास आइरहेको छ ।

माटो बिग्रिन नदिन समय-समयमा माटो परीक्षण गराउने, परीक्षणको आधारमा सिफारिस गरेको मात्रामा कृषिचुन, प्राङ्गारिक पदार्थ र अन्य पदार्थहरुको प्रयोग गरी उपयुक्त प्रविधिअनुसार माटो व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यस्तै राम्ररी पाकेको गोबर मल, कम्पोस्ट मल, हरियो मल आदिको प्रशस्त प्रयोग गर्नुपर्ने देखिन्छ ।

माटो जाँचको आधारमा युरिया, डीएपी र पोटास मल सन्तुलित मात्रामा हाल्नुपर्छ भनेर प्रसार कार्यकर्ताहरूले कृषकलाई सिकाउनु आवश्यक छ । कृषि वन प्रणाली, पशुपालन सहितको मिश्रित खेती प्रणालीको विस्तार, बाली विविधीकरण, कोसेबालीको खेती विस्तार, छापो बालीको खेती र खाद्यतत्वको दक्षतापूर्ण उपयोग गर्ने बालीको चयन गरिनुपर्छ । त्यसै गरी राष्ट्रिय कृषि नीति २०६१ मा प्राङ्गारिक कृषिलाई बढावा दिई माटो सुधार गरिने नीति छ । यसको व्यावहारिक रुपमा पूर्ण कार्यान्वयन हुनुपर्छ । त्यस्तै माटोअनुसार उपयुक्त बाली छनोट गरी वैज्ञानिक तरिकाबाट व्यवस्थित सघन खेती गरिनुपर्ने, बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जमिनमा मिसाउने, भू-क्षय रोक्ने प्रविधि अपनाउनुपर्ने र पानीको निकास गरी खेतबारीमा बाढी पस्न नदिने पनि उत्तिकै जरुरी छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सन्त नेता किसुनजी : कांग्रेसले बिर्सियो, जेनजीले सम्झिउन्

✍डा. लोक भट्टराई

पुस ८ गते सन्तनेता श्री कृष्णप्रसाद भट्टराईको जन्मजयन्तिको दिन । कृष्णप्रसाद भट्टराई, जो विगत एक शताब्दीको नेपालको राजनीतिक इतिहासमा एउटा विशिषट चरित्र र पहिचान बनाएका तर नेपाली समाजमा थोरैले मात्र त्यो गहिराइलाई चिन्न सकेका श्रद्धेय महापुरुष । लेखक हरि अधिकारीको शब्दमा भन्दा 'एक्लो नायक'।

हल्ला र भ्रमका पछाडि दगुर्ने, पर्खने धैर्यता बिल्कुल शून्य भएको, कामको भन्दा मामको चासो राख्ने देखावटी एवं उश्रृंखल जीवनशैलीमा रमाउने व्यक्ति नै नेता बन्ने अहिलेको अवस्था छ । शक्तिमा हुँदा आफन्त/आसेपासेको भरण पोषणबाहेक अन्य कुराको मतलव नराख्ने नेतृत्वको बोलवाला भएको समाज छ ।

तर, कृष्णप्रसाद भट्टराई त्यो सबैभन्दा बिल्कुल अलग शान्त, अध्ययनशील, अध्यात्मिक, सपाट, प्रजातान्त्रिक एवं साधारण आचार शैली र संस्कार अनि सुशाशनका प्रतिमूर्ति हुनुहुन्थ्यो ।

सर्वप्रथम उहाँको जन्म जयन्तिको अवसरमा त्यस्तो दुर्लभ गुणले सम्पन्न समादरणीय श्री कृष्णप्रसाद भट्टराईप्रति श्रद्धान्जली व्यक्त गर्न चाहन्छु र भन्न चाहन्छु - किसुनजी, आज तपाईको स्वर्गारोहण भएको १४ बर्षपछि नेपाली मनले तपाईको नाम नलिएरै सही, आजका नेताहरुमा तपाईको जस्तो आचार, संस्कार, र सदाचारको खोजी गरेको छ । त्यही कुराको माग गरेर युवा वर्गले संसार हल्लिने तहको विद्रोह र विरोधसमेत गरे ।

सम्भवत: तपाईको जस्तो जीवन शैली, चिन्तन र आदर्श तपाईपछिका नेताहरुमा हुँदो हो भने न नेपालको हालत यस्तो हुन्थ्यो, न जेनजी विद्रोह हुनुपर्थ्यो वा हुने थियो । तसर्थ, तपाईले देखाउनुभएको आदर्शको त्यो आलोकप्रति सतत नमन ।

विगत एक शताब्दीमा कसैसँग तुलना हुनै नसक्ने त्यस्तो नेता छोटै समयलाई सही, देशको नेतृत्वमा आइसकेपछि नेपाली समाजले त्यो कोहिनुरलाई किन चिन्न र संरक्षण गर्न सकेन रु यो नै आजको मिलियन डलरको प्रश्न हो । किसुनजीले देशलाई योगदान दिनुभयो, तर किसुनजीलाई संरक्षण चाहिएका बेला देशले त्यो कुरा बुझेन । त्योबेला फरक समय थियो । सायद आजको जस्तो डिजिटल युग हुँदो हो भने, त्यो सम्भव पनि हुँदो हो । तर, त्यतिखेरलाई त्यो भएन, हुन सकेन ।

यस लेखमा म नेपाली समाजका केही निहित विडम्बनाहरुको चर्चा गर्न चाहन्छु । जसका कारण नेपाल आजको नियतिमा गुज्रेको छ । नेपाली राजनीतिका प्रायस् सबै क्याम्पहरुमा सधैं जालझेल, अस्वस्थ प्रतिष्पर्धा र अप्रजातान्त्रिक तरिकाको दुरुपयोग हुँदै आएको जगजाहेर छ । नेपाली कांग्रेसमा यो रोग त कम हैन, बढी नै थियो । कृष्णप्रसाद भट्टराईले देखाएको आदर्श मार्गभन्दा कांग्रेसभित्रैका थुप्रैलाई अरु कुरा नै प्यारो थियो । त्यो प्रवृत्ति पालेकालाई 'भाँडमा जाए कांग्रेस, भाँडमा जाए देश' भनेजस्तै त्योभन्दा आफ्नो स्वार्थपूर्ति नै बढी प्यारो थियो । र, मौका पाउना साथ कृष्णप्रसाद र उनका आदर्शलाई त्यो प्रवृत्तिले धुलिसात पार्न बाँकी राखेन ।

उसले भावी सन्ततिलाई सन्त नेताको चरित्र र आदर्शको पाठ किन पढाउँथ्यो रु मन र ब्यवहारमा जे जस्तो भए पनि बाहिर चारतारे झन्डा बोकेका तिनीहरुलाई किसुनजीको मतलव नभएपछि अन्य दललाई के मतलव हुन्थ्यो ?

हाम्रो देश अमेरिका वा बेलायत हैन, जहाँ सम्मानयोग्यको सम्मान हुन्छ । जहाँ क्रमशस् जर्ज वासिंगटन र विन्स्टन चर्चिल आजको पुस्तालाई चिनाइरहने आवश्यकता नै पर्दैन । यहाँ त नक्कली नायक खडा गरिन्छ, सक्कली नायकलाई गुमनाम राख्ने संगठित प्रयास नै गरिन्छ ।

कृष्णप्रसाद भट्टराईको सरल जीवनशैली र भ्रष्टाचारप्रतिको शून्य सहनशीलता उहाँका चार चाँद थिए । त्यसै कारण २०४६ पछि भएका यतिका निर्वाचनमा दुई पटक कांग्रेसले प्रष्ट बहुमत ल्यायो र दुवैपटक मुख्यतस् उहाँको नाम, काम र अनुहाकै आधारमा । यो कुरा जनमानसले गहिरो गरी देख्न, बुझ्न र मनन गर्न पाएको भए किसुनजीलाई विस्थापित गर्न स्वर्गका राजा इन्द्रले पनि सक्ने थिएनन् । यस्तो स्थितिमा सबै तह र तप्काका खराब तत्वका लागि उहाँलाई पर्दा पछाडि धकेल्नु अत्यन्त आवश्यक थियो र भयो पनि त्यही ।

अद्ध्यात्मप्रेरित किसुनजीलाई सत्ता कहिल्यै प्यारो भएन । उहाँले नीलकन्ठ बनेर आफ्नो नाममा आर्जित जनमतसमेत त्यागिदनु भो । तर, पछिसम्मै पनि उहाँको नाममा फाइदा उठाउने प्रयास भने भई नै रह्यो । गर्नेले कोशिश गरिरहे, मिलेसम्म अहिले पनि गर्ने नै छन् । तर, वास्तविकता के भने स्वयम् कांग्रेस पार्टीले कृष्णप्रसाद भट्टराईलाई चिनेन । चिन्न चाहेन । मूल्यांकन गरेन । गरेको छैन । चिनाएन, चिनाउन चाहेको छैन ।

एउटा पार्टी धेरैको योगदानले बनेको हुन्छ, तर सबैको योगदान एउटै लहरमा एकमुष्ट फूलमाला चढाएर सकिने खालको हुँदैन । त्यसमा भिन्न योगदानको भिन्न परख हुनु पर्छ । नत्र त्यहाँ न्यायको प्रत्याभूति हुँदैन । जसले इतिहास लेखनमा त न्याय गर्दैन, त्यस घरमा वर्तमानमा न्याय हुन्छ भनेर कसरी भन्न सकिन्छ ?

कांग्रेसमा योगदानको कुरामा छ्यान/पहिचान नै छैन । कसैले पार्टी नखोलेका बेला किसुनजीले आफ्नो अग्रसरतामा पार्टी खोल्ने हिम्मत र अग्रसरता लिनु भएको हो । २०१७ सालपछि स्वयम् आफ्ना सहयोद्धा पञ्चायतमा प्रवेश गरेर धमाधम फाइदा लिन थाले, अरु कोही कायलनामा लेखेरु जेलबाट मुक्त हुन थाले, तर कृष्णप्रसाद एक्लै सतिशाल बनेर उभिरहनुभयो, जसको नैतिक बलले अन्ततस् अजेय निरंकुशतालाई लतक्कै गलाइदियो ।

त्योबेला 'राजाको निगाह स्वीकार छैन' भनेर हुंकार गर्ने हिम्मतको सलाम गर्न कुनै शब्द नै छैन । र, त्यो घटना त्यस्तो घटना बन्न पुग्यो, जहाँबाट फेरि प्रजातान्त्रिक सोचको पुनर्जागरण र निरंकुशताको ओरालीको दिनगन्ती सुरु भयो ।

उहाँको त्यो बलिदान, हिम्मत र आदर्शको बिराशत बोकेको कांग्रेस त अहिले पनि छ तर बाहिरी खोलमा मात्र कांग्रेस । रोगग्रस्त कांग्रेस । सुस्ताएको/धर्मराएको कांग्रेस । इतिहास बोल्न नसक्ने कांग्रेस । मूल्यांकन गर्न नसक्ने कांग्रेस । सत्ताको स्वाद वरिपरि संगठन धानेको कांग्रेसलाई सत्ता चाहिँदा संख्या चाहिने नै भयो र संख्याका लागि मुखमा पट्टी लाउन पर्ने बाध्यता । यही त छ विडम्बना ।

गुटफुटको डर देखाएर कांग्रेसमा इतिहास छोप्ने काम भएको छ । विडम्बना ! कांग्रेसमा आदर्श र मूल्य मान्यताका कारण जनमत आउँछ भन्ने सोच कमजोर हुँदै छ र कृत्रिम एकताकै मात्र भरोशा गर्नुपर्ने स्थिति बलशाली हुँदै गएको छ ।

एउटा समय थियो, पार्टी परिवर्तन गरेर अरु पार्टीबाट कांग्रेसमा आउन चाहने कार्यकर्तालाई किसुनजी 'प्रजातन्त्रमा प्रतिपक्ष चाहिन्छ, एकभन्दा बढी दल चाहिन्छ, तिमी आफ्नै पार्टीमा बस' भनेर तिनलाई सम्झाई बुझाई गरेर फिर्ता पठाइदिनु हुन्थ्यो ।

तर, अहिलेको कांग्रेस चारजना अरु पार्टीका मान्छे आफ्नो पार्टीमा आउँदा शंखघोष गर्ने स्थितिमा पुगेको छ । आजको कांग्रेस चुनाव आएपछि खुट्टा कमाउँछ र सके, मिले हिजो कांग्रेसले नगनेको, नटेरेको पार्टीको भए पनि बैसाखी खोज्न थाल्छ ।

आज देशमा भडट्किलोपन, आफन्तवाद, मिलेमतो र भ्रष्टाचार महारोग बनेको छ । त्यसै कारण त्यसका विरुद्ध जेनजीले अभूतपूर्व विद्रोह गरे । किसुनजीको नाम नलिए पनि, किसुनजीले देखाएको भ्रष्टाचाररहित शासनको खोजी, नेताका परिबारको खर्चिलो जीवनशैलीको विरोध अनि देशको सम्पत्तिमा आफन्तको भरणपोषण गर्ने प्रथाको विरोधका लागि संसार हल्लिने विद्रोह गर्न जेनजी पुस्ता बाध्य भए ।

के कांग्रेसले सधैं किसुनजीको आदर्शमा कांग्रेसलाई र देशलाई चलाएको भए के कांग्रेसको स्थिति आजकोजस्तै हुँदो हो ? के देशको स्थिति यस्तै नाजुक हुँदो हो ? के सिंहदरबार र सर्वोच्च अदालतले दावानलमा जल्न पर्दो हो ? के ७५ जना होनहार नौजवानले जीवन आहुति दिनु पर्दो हो ? त्यसमा सबै नेपालीले सोच्नुपर्ने भएको छ । कांग्रेसका नेता कार्यकर्तालाई त झन् त्यो आत्मसमीक्षा नगरी अगाडि जाने नैतिक अधिकार नै छैन भने हुन्छ ।

कृष्णप्रसाद भट्टराईको स्वार्थरहित आदर्शले फेरि एकपटक सबैलाई त्यो सत्मार्गमा लाग्ने प्रेरणा देओस् । आजको दिनको यही छ मनोकामना !

*(साभार: अनलाइनखबर)*

नेपाली महिला क्रिकेट :

# नयाँ प्रशिक्षकको आगमनले उत्साहित महिला क्रिकेट टिम, विश्वकप खेल्ने लक्ष्य

काठमाडौं/आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोट खेल्न लागेको नेपाली महिला क्रिकेट टिम यतिबेला तयारीमा व्यस्त छ । टोलीले माथिल्लो मुलपानी क्रिकेट मैदानमा प्रशिक्षण गरिरहेको छ । पहिलोपटक एसिया क्षत्रेको छनोट चरण पार गरेर ग्लोबल छनोटमा पुगेको नेपाली टोली अब पहिलोपटक महिला टी-२० विश्वकप खेल्ने लक्ष्यका साथ तयारी गरिरहेको छ ।



नेपालको पुरुष क्रिकेट टोलीले करिब दुई महिनापछि भारतमा टी-२० विश्वकप खेल्न जाँदैछ । साथै नेपालको महिला क्रिकेट टोली पनि घरेलु मैदानमै हुने महिला टी२० विश्वकप ग्लोबल छनोटको तयारीमा छ । अहिले धेरैको नजर महिला क्रिकेटतर्फ पनि छ । छनोटअघि नेपाल क्रिकेट संघ (क्यान)ले नयाँ मुख्य प्रशिक्षक पनि नियुक्त गरेको छ । भारतीय मूलका प्रशिक्षक हर्षल जयन्त पाठक नेपाली टोलीको मुख्य प्रशिक्षक भएर आएका छन् । क्यानका क्रिकेट अपरेसन म्यानेजर विनोद दासका अनुसार पाठकलाई हाललाई २ वर्षको लागि नियुक्त गरिएको हो । पाठकले यसअघि थाइल्यान्डको महिला क्रिकेट टोलीलाई लामो समय प्रशिक्षण दिएका छन् । उनकै प्रशिक्षणमा थाइल्यान्डले पहिलोपटक महिला टी-२० विश्वकप खेलेको थियो ।

पाठकको लक्ष्य अब नेपाललाई पनि सोही उपलब्धि हासिल गराउनु हुनेछ । यद्यपी कम समय बाँकी भएकाले यो चुनौतीका रूपमा पनि हुनेछ । यसअघि कन्स्ल्ट्यान्ट प्रशिक्षक अनि ब्याटिङ प्रशिक्षकका रूपमा भारतीय प्रशिक्षकहरू आएपनि मुख्य प्रशिक्षक भने पहिलोपटक विदेशी नियुक्त भएका हुन् । यसअघि महिला क्रिकेट टोलीमा जगत टमाटा, सामसंगजङ थापा, विनोद दास, मनोज कटवाललगायतले मुख्य प्रशिक्षकका रूपमा काम गरिसकेका छन् भने भारतबाट देविका पाल्सिकर, मनिष कुमार झाले कन्सल्ट्यान्ट प्रशिक्षकका रूपमा काम गरेका छन् ।

**महिला क्रिकेटमा नयाँ आयाम**

क्यानले पाठक सिनियर महिला क्रिकेट टोलीको मात्र नभएर समग्र महिला क्रिकेटको नेतृत्व हुनेगरी नियुक्त भएको जनाएको छ । पहिलोपटक महिला क्रिकेट टोलीमा फूल टाइम विदेशी प्रशिक्षक नियुक्त भएपछि महिला क्रिकेटमा नयाँ आयाम थपिएको छ । 'समग्र महिला क्रिकेटलाई नै परिमार्जित गर्ने उद्देश्यले उहाँ नियुक्त हुनुभएको छ । जुनियर क्रिकेटदेखि लिएर सिनियर टिमसम्मै उहाँको सहभागिता रहनेछ, त्यसकारण उहाँलाई हेड अफ वुमन्स क्रिकेट भनेका छौं' क्यानका क्रिकेट अपरेसन म्यानेजर विनोद दासले भने, 'उहाँसँग अन्य सहायक प्रशिक्षकहरू पनि रहनुहुन्छ । महिला क्रिकेटमा उहाँको भूमिका सबैभन्दा महत्वपूर्ण रहनेछ।'

क्यानले ईसीबी वा सीए लेभल-३ वा सो सरहको प्रमाणपत्र भएको र कम्तीमा पाँच वर्षको व्यावसायिक क्रिकेट प्रशिक्षण अनुभव भएको प्रशिक्षकका लागि आवेदन खुलाएको थियो । त्यही अनुरुप पाठक प्रशिक्षकमा नियुक्त भएका थिए । थाइल्यान्ड क्रिकेटमा मात्रै ७ वर्षको प्रशिक्षण अनुभव भएका पाठकले नेपाली महिला क्रिकेटमा आफूले ठूलो क्षमता देखेको र त्यही कुराले प्रभावित भएको बताए । 'नेपाली क्रिकेटमा ठूलो पोटेन्सियल देखेको थिएँ । सबैभन्दा मुख्य कुरा नै त्यही थियो । यो प्यासन देखेर नै म प्रभावित भएको हूँ' पाठकले भने ।

पाठकले नेपालको ब्याटिङमा इन्टेन्ट देखेको बताए । 'इन्टेन्ट सबैभन्दा महत्वपूर्ण हुन्छ । नेपाली खेलाडीमा त्यो इन्टेन्ट देखेको छु, त्यो चाहना देखेको छु' उनले भने । पाठकले यहाँको क्रिकेट वातावरण पनि राम्रो भएको बताए । 'क्रिकेट मैदान धेरै राम्रो छ । उत्साहित पनि छु । राम्रो टिमसँग काम गर्न मन लागिरहेको थियो' उनले भने, 'मैले विपक्षीका रूपमा पनि हेरेको छु । क्षमतादेखि लिएर बलियो पक्ष र कमजोर पक्ष पनि नियालेको छु । प्यासनेट टिम लाग्यो । यो प्रकारको टिमसँग काम गर्दा उत्साहित पनि छु । प्रतिभाहरू पहिचान गरेर राम्रो गर्ने लक्ष्य छ ।'

उनले आफ्नो ध्यान समग्र महिला क्रिकेटकै विकासमा केन्द्रित रहने समेत बताए । 'महिला क्रिकेटको विकास नै सबैभन्दा महत्वपूर्ण कुरा हो । युवा खेलाडीलाई स्टेप अप गराउनेदेखि लिएर बेन्च क्षमता पनि राम्रो बनाउनुपर्छ' पाठकले भने, 'जुनियर लेभलदेखि नै क्रिकेटको विकास गर्ने यहाँको जुन् भिजन छ त्यसैअनुसार नै काम गर्ने छु।' प्रशिक्षक पाठकले एउटा राम्रो वातावरण बनाउने मान्यता राखने बताउँदै आएका छन् । 'टिमभित्रका खेलाडीमा कुनैपनि प्रतियोगिता जित्नका लागि गहिरो चाहना हुनुपर्छ, खेल्नुअगाडि सिक्ने हो र खेलका क्रममा भने प्रतिस्पर्धा गर्न जाने हो भन्ने कुरा बुझ्नुपर्छ' उनले भनेका छन्, 'त्यसले गर्दा टिमको वातावरण पनि राम्रो बनाउन सकिन्छ ।'

नेपाली क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले पनि पाठकको नियुक्ति धेरै सकारात्मक कुरा भएको बताइन् । 'उहाँको नियुक्ति हाम्रो लागि धेरै राम्रो पक्ष हो । खेल्ने त हामीले नै हो । उहाँहरूको स्किलमा काम गर्न सक्दा केही प्लस पोइन्ट हुन्छ भन्ने लाग्छ' इन्दुले संचारकर्मीसँग भनिन् । यू-१९ विश्वकपमा कप्तानी गरेकी हाल सिनियर टोलीकी उपकप्तान पूजा महतोले पनि पाठक निकै उत्कृष्ट प्रशिक्षक रहेको बताउँदै थाइल्यान्डलाई जस्तै नेपाललाई पनि विश्वकपमा पुर्‍याउनुहुन्छ भन्ने विश्वास लिएको बताइन् ।

**विश्वकप छनोट पहिलो लक्ष्य**

आगामी जनवरीमा नेपालमै आईसीसी महिला टी-२० विश्वकपको ग्लोबल छनोट प्रतियोगिता हुँदैछ । नेपालसहित १० टोली सहभागी हुने छनोट प्रतियोगिता जनावरी १४ देखि मुलपानी क्रिकेट मैदान र त्रिवि क्रिकेट रंगशालामा सुरु हुनेछ । जनवरी १४ र १६ मा वार्म अप तथा जनवरी १८ देखि मुख्य खेलहरू सुरु हुनेछन् । नेपाल समूह 'बी' मा स्कटल्यान्ड, थाइल्यान्ड, नेदरल्यान्ड्स र जिम्बावेसँग परेको छ । नेपालले आफ्नो पहिलो खेलमा १८ जनवरीमा थाइल्यान्डसँग माथिल्लो मुलपानी क्रिकेट मैदानमा खेल्नेछ भने २२ जनवरीमा नेदरल्यान्ड्ससँग सोही मैदानमा खेल्नेछ । त्यसपछि २४ जनवरीमा जिम्बाबे र २६ जनवरीमा स्कटल्यान्डसँग कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा खेल्नेछ ।

घरेलु मैदानमा छनोट प्रतियोगिता भएकोले पनि नेपाली टोलीको लक्ष्य स्वभाविक रुपमा विश्वकपमा पुग्ने रहेको छ । प्रशिक्षक पाठकले हालका लागि विश्वकपमा छनोट हुने मुख्य लक्ष्य भएको बताउँदै नेपाली टोली विश्वकपमा छनोट हुनेमा आशावादी रहेको पनि बताएका छन् । 'म सकारात्मक छु हामी छनोट हुन सक्छौं भनेर । चुनौती पनि छ तर यो टिमसँग क्षमता पनि छ । राम्रो गर्नका लागि खेलाडीहरू धेरै उत्सुक छन् । टिमको योजनासँग मिल्न सक्छन्' पाठकले भने, 'छनोट हुने राम्रो सम्भावना देखेको छु । घरेलु मैदानमा पनि छ।'

'पहिलेभन्दा फरक पाएको छु खेलाडी पनि । प्रदर्शनमा पनि निखार देखिएको छ । क्यानले पनि धेरै राम्रो काम गरेको छ । एकदम राम्रो वातावरण बनाइदिएको छ । प्रशिक्षकको रूपमा भन्नुपर्दा बोर्डबाट निर्णय लिन पनि सहज बनाइदिनुभएको छ । हाम्रो टिमले प्रतियोगिता जित्नेमा आशावादी छु' पाठकले थपे । 'सबै पक्षमा काम गर्नुपर्छ । ग्लोबल छनोटका लागि योजना अनुसार राम्रो काम भयो भने लक्ष्य प्राप्ति हुनेछ । त्यसभन्दा पछाडिको समयका लागि पनि हेर्नुपर्ने हुन्छ' पाठकले भने ।

कप्तान इन्दु बर्माले पनि टिममा सबैले आ-आफ्नो तर्फबाट धेरै मेहेनत गरिरहेको बताएकी छन् । 'आफूलाई पुश गर्नुपर्छ भन्ने सोच राखेर तयारी गरिरहेका छौं । हामीले खेलको दिनमा राम्रो गर्नुपर्छ भन्ने भाव राखेका छौं। हाम्रो तर्फबाट राम्रो गर्नुपर्छ भन्ने हो' उनले भनेकी छन् । पूजाले पनि विश्वकपमा छनोट भएरै छाड्ने अठोट लिएको बताएकी छन् । 'हामीले पहिलेभन्दा के कुरामा राम्रो गर्न सक्छौं भन्ने कुरा हो । यसपटक जसरी पनि छनोट भएर देखाउनुपर्छ भन्ने छ' उनले भनिन्, 'मैले पनि एउटा अवसरकै रूपमा लिएको छु । सिनियर दिदीहरूले लामो समयदेखि विश्वकपको सपना देख्नुभएको छ । योपालि जसरी पनि उहाँहरूको लागि भएपनि विश्वकप खेल्ने छौं।'

**फिटनेसमा केन्द्रित प्रशिक्षण, उत्साहित खेलाडी**

अहिले महिला क्रिकेट टोलीको प्रशिक्षण क्याम्पमा २० जना खेलाडीहरू छन् । खेलाडीको फिटनेसलाई पहिलो प्राथमकितामा राखेर प्रशिक्षण भइरहेको छ । त्यहीअनुसार ट्रेनरहरू पनि नियुक्त भएका छन् । प्रशिक्षक पाठकले पनि फिल्डिङ महत्वपूर्ण भएको बताउँदै त्यसका लागि फिटनेसमा काम गर्नुपर्ने बताएका छन् । 'फिल्डिङमा पनि हामी अझै काम गर्नुपर्नेछ । खेलको क्रममा त्यसलाई अप्लाइ गर्ने कुरा पनि महत्वपूर्ण हुन्छ, त्यसका लागि फिटनेस पनि राम्रो हुनु जरुरी छ । त्यसका लागि काम पनि भइरहेको छ' उनले भने ।

पूर्वकप्तान रुबिना क्षेत्रीले फिटनेसमा सुधार गर्नैपर्छ भन्ने सोचका साथ सबैले मेहेनत गरिरहेको बताइन् । 'फिटनेसमा काम गरिरहेका छौं । यो चाहिँ गर्नैपर्छ भन्ने हिसाबले सोचेका छौं र सबैले मेहेनत गरिरहेका छौं' रुबिनाले भनिन् । टिममा सबैभन्दा सिनियर खेलाडी रहेकी सीता रानामगरले पनि तयारी धेरै राम्रो भइरहेको बताएकी छन् । 'तयारी एकदम राम्रो भइरहेको छ । ट्रेनर पनि आउनुभएको छ । त्यसले सहयोग पुगेको छ' सीताले भनिन् ।

घरेलु मैदानमै हुने प्रतियोगिता खेल्न कप्तान इन्दुदेखि लिएर युवा खेलाडीहरू पनि उत्साहित छन् । 'समर्थकहरूको साथ पनि पाइन्छ । घरेलु मैदानमा राम्रो गर्न सक्यो भने टिमका लागि राम्रो हुन्छ' कप्तान इन्दुले भनिन्, 'सिनियर खेलाडीका लागि पनि धेरै महत्वपूर्ण हुन्छ । युवा खेलाडीहरूलाई पनि गाइड गर्न सक्यो भने यो क्रुवालिफायरजस्तो महत्वपूर्ण प्रतियोगितामा धेरै सहयोग पुग्छ।' यस्तै पूर्वकप्तान रुबिनाले विपक्षीलाई हेर्नेभन्दा पनि आफुले उत्कृष्ट गर्न सके राम्रो नतिजा आउने बताइन् । 'राम्रो नतिजा ल्याउन सकिन्छ भन्ने विश्वास राखेका छौं । खेल हुने दिनमा राम्रो खेल्यो भने जित निकाल्न सकिन्छ' उनले भनिन्, 'होम ग्राउन्ड भनेको अवसर हो। कतिपयले प्रेसर पनि भन्न सक्छन् तर आफ्नो टिमका लागि घरेलु मैदानमा राम्रो गर्ने एउटा अवसरका रूपमा लिएको छु ।'

सिनियर र युवा खेलाडीको समिश्रणले टिम कम्बिनेसनदेखि लिएर परिपक्कतामा पनि साथ पुगेको उनीहरूको भनाइ छ । 'सिनियर र युवा खेलाडीको समिश्रणले धेरै फाइदा पुग्छ भन्ने लाग्छ' सीताले भनिन् । यस्तै पूजाले पनि सिनियर खेलाडीबाट मोटिभेसनदेखि अन्य कुरामा पनि सिक्ने अवसर मिलिरहेको सुनाइन् ।

*(स्रोत: अनलाइनखबर)*

# अध्यादेशमार्फत समानुपातिक प्रतिनिधित्व हटाइएको भन्दै विरोध

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/सरकारले अध्यादेशमार्फत प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ संशोधन गर्ने क्रममा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित नगरेको भन्दै सरोकारवाला संघसंस्थाले कडा आपत्ति जनाएका छन् ।




प्रतिनिधिसभा निर्वाचनको तयारी भइरहँदा सरकारले ऐनको अनुसूची-१ संशोधन गरी समानुपातिक उम्मेदवारको समावेशी आधार (क्लस्टर) हेरफेर गरेको छ । तर, संशोधनमा कुल जनसंख्याको २.२ प्रतिशत हिस्सा ओगट्ने अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्थाबाट हटाइएको भन्दै संघसंस्थाले मंगलवार गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन् । विरोधमा उत्रिएका संघसंस्थाले सरकारको यो कदम नेपालको संविधानको धारा ४२ (१) र धारा ८४ (३) विपरित रहेको दाबी गरेका छन् ।

संविधानको धारा ८४ (३) मा राजनीतिक दलले समानुपातिक प्रणालीअन्तर्गत् उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिलाई समेत अनिवार्यरुपमा समेट्नुपर्ने व्यवस्था छ । नेपाल पक्ष राष्ट्र रहेको 'अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि'को धारा २९ ले पनि राज्यका हरेक तहमा उनीहरुको सहभागिता सुनिश्चित गरेको स्मरण गराउँदै विज्ञप्तीमा संवैधानिक हक खोसिएको उल्लेख छ । अपाङ्गता भएका व्यक्तिको संघसंस्थाले अध्यादेश तत्काल सच्याउन राष्ट्रपति, सरकार र निर्वाचन आयोगसँग माग गरेका छन् ।

आगामी निर्वाचनमा राजनीतिक दलले समानुपातिक प्रणाली अन्तर्गत् अपाङ्गता भएका व्यक्तिलाई निर्वाचित गर्ने बाध्यकारी व्यवस्था कायम गर्न उनीहरुले आग्रह गरेका छन् । संवैधानिक अधिकार कुण्ठित हुनेगरी ल्याइएको अध्यादेश नसच्चिए कानूनी उपचार खोज्ने तथा शान्तिपूर्ण आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् । २०६२/६३ को जनआन्दोलनमा अपाङ्गता भएका व्यक्तिको योगदान र समावेशी लोकतन्त्रको मर्मलाई सरकारले बेवास्ता गर्न नमिल्ने उनीहरुको तर्क छ ।

# मकवानपुर-१ बाट राप्रपाका दीपकबहादुर सिंह एकल सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर-१ बाट दीपकबहादुर सिंहको एकल नाम सिफारिस भएको छ ।



राप्रपा मकवानपुर निर्वाचन क्षेत्र नम्बर-१ को क्षेत्रीय समितिको बैठकले मंगलबार प्रत्यक्षतर्फ सिंहको एकल नाम सिफारिस गरेको हो । पार्टीको संसदीय समितिको २०८० मंसिर २८ गतेको निर्णयबमोजिम निर्वाचन क्षेत्र नम्बर-१ को क्षेत्रीय समितिको बैठकले उम्मेदवारको नामावली टुंगो लगाई जिल्लामा सिफारिस गरेको हो । समानुपातिकतर्फ आदिवासी जनजाति, महिला, दलित, खस/आर्य तथा उत्पीडित-पिछडिएको वर्गको प्रतिनिधित्व हुनेगरी विभिन्न नाम सिफारिस गरिएको जनाएको छ ।

सिफारिस सूचीमा समानुपातिक जनजाति महिलातर्फ सरस्वतीकुमारी थिङ र मनिषा स्याङतान, समानुपातिक खसआर्यतर्फ उमेश थापा र नवराज थपलिया, समानुपातिक महिलातर्फ हीराकुमारी भट्ट र हीरा चौरेल, आदिबासी जनजातितर्फ अरुण लामा, मनोज कुमार मोक्तान र बालकृष्ण श्रेष्ठ, दलिततर्फ सन्देश परियार र दीपु सुनार, उत्पीडित तथा पिछडिएका तर्फ शुक्रराज प्रजाको नाम रहेको छ ।

# भीमफेदीमा गोठमा आगलागी, पशुचौपाया जलेर मरे

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/मकवानपुरको भीमफेदी गाउँपालिका-७ कोगटेमा सोमबार राति गोठमा आगलागी हुँदा एक महिला घाइते भएकी छन् भने गोठमा रहेका पशुचौपाया जलेर मरेका छन् ।

आगलागीमा परेर सोहीस्थान बस्ने ४४ वर्षीया कविता सिंजाली घाइते भएकी हुन् । आफ्नै घरदेखि करिब २० मिटर दक्षिणतर्फ रहेको काठ र खरले छाएको गोठमा कुँडो पकाउने क्रममा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । आगलागीका कारण सिंजालीको ढाड र टाउकोमा आगोले पोलेको र उनी करिब १८ प्रतिशत जलेको अवस्थामा रहेको डाक्टरले बताएका छन् । घाइतेको अवस्था मध्यम रहेको जनाइएको छ ।

घाइते सिंजालीलाई आफन्तले सुरुमा स्थानीय मेडिकलमा सामान्य उपचार गराएका थिए । त्यसपछि थप उपचारका लागि हेटौंडा अस्पतालमा भर्ना गरिएको छ । आगलागीबाट गोठ पूर्णरुपमा जलेर नष्ट भएको छ । साथै गोठभित्र रहेका खसी २ वटा, बोका २ वटा र बाख्रा ४ वटा जलेर मृत्यु भएको जानकारी दिइएको छ । घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरीटोली घटनास्थलमा खटिएको थियो ।

# रुपैयाँ कमजोर हुँदा सार्वजनिक ऋृणमा ७७ अर्ब थप भार

काठमाडौं/अमेरिकी डलरको दाँजोमा नेपाली रुपैयाँ कमजोर हुँदा नेपालको सार्वजनिक ऋणमा ७७ अर्ब ६६ करोड ८५ लाख रुपैयाँ बराबर थप भार परेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो पाँच महिना मंसिरसम्म कुल सार्वजनिक ऋण २७ खर्ब ८८ अर्ब ५३ करोड पुगेको छ । जसमा ७७ अर्ब ६६ करोड रुपैयाँ थप भार नेपाली मुद्रा कमजोर बन्दा पर्न गएको हो ।

नेपालले वाह्य ऋणको साँवा भुक्तानी अमेरिकी डलरमा गर्नुपर्ने हुन्छ । सोहीकारण डलर बलियो हुँदा नेपालको कुल सार्वजनिक ऋणमा अतिरिक्त भार थपिन्छ । कार्यालयका अनुसार गत महिनाको तुलनामा डलरमा भएको विनिमय वृद्धिले नेपाली मुद्रामा तिर्न बाँकी ऋण दायित्व थप बढ्न गएको हो । नेपाल राष्ट्र बैंकका अनुसार मंगलबार एक डलर बराबर नेपाली रुपैयाँ १४३.७५ छ ।

मंसिर मसान्तसम्म सरकारले तिर्न बाँकी ऋणमध्ये वाह्य ऋण १४ खर्ब ८६ अर्ब ९० करोड बराबर छ । जुन कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा २४.३६ प्रतिशत हो । आन्तरिक ऋण १३ खर्ब १ अर्ब रुपैयाँ छ । पछिल्लो पाँच महिनामा सरकारले १ खर्ब ७५ अर्ब १२ करोड बराबर सार्वजनिक ऋण लिएको छ । यस अवधिमा १ खर्ब ३८ अर्ब ३० करोड बराबर भुक्तानी समेत गरेको छ । तर, विनिमय दरमा आएको उतार चढावले ७७ अर्ब ६६ करोडको अतिरिक्त भार मुलुकमाथि परेको देखिन्छ ।

असार मसान्तसम्म २६ खर्ब ७४ अर्ब ४ करोड रहेको सार्वजनिक ऋण पाँच महिनामा बढेर २८ खर्ब नजिक पुगेको हो । पाँच महिनामा सार्वजनिक ऋणको खुद वृद्धि १ खर्ब १४ अर्ब ४८ करोड छ । सार्वजनिक ऋणमा वैदेशिक ऋणको भार ५३.३२ प्रतिशत र आन्तरिक ऋणको भार ४६.६८ प्रतिशत बराबर छ । सरकारले अहिले लक्ष्य अनुसार राजस्व उठाउन सकेको छैन । सोहीकारण सार्वजनिक खर्च व्यवस्थापन गर्न सरकारले ऋणमा भर पर्नुपरेको छ ।

**यस वर्ष ६ खर्ब ऋण उठाउने लक्ष्य**

सरकारले चालु आर्थिक वर्ष ५ खर्ब ९५ अर्ब रुपैयाँ बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । जसमा आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब र वाह्य ऋण २ खर्ब ३३ अर्ब उठाउने लक्ष्य छ । परिचालन भने पाँच महिनामा लक्ष्यको २९.४० प्रतिशत भएको छ । १ खर्ब ७५ अर्ब १२ करोड ऋण उठाइएको छ । यस अवधिमा आन्तरिक ऋण १ खर्ब ४७ अर्ब ६६ करोड रुपैयाँ उठाइएको छ । वाह्य ऋण २७ अर्ब ४५ करोड परिचालन भएको छ । लक्ष्यको आधारमा मंसिरसम्मको प्राप्ति आन्तरिक ऋण ४०.७९ प्रतिशत र वाह्य ऋण ११.७५ प्रतिशत उठेको छ ।

**ऋणको साँवा-ब्याज भुक्तानीमा १ खर्ब ६७ अर्ब खर्च**

तथ्यांक अनुसार मंसिर मसान्तसम्म सार्वजनिक ऋण तिर्न सरकारले ४ खर्ब ११ अर्ब १ करोड बजेट विनियोजन गरेको छ । जसमध्ये मंसिर मसान्तसम्म १ खर्ब ६७ अर्ब १ करोड भुक्तानी गरिएको छ । यो लक्ष्यको ४०.६४ प्रतिशत हो । मंसिरसम्म आन्तरिक ऋणको साँवा भुक्तानी १ खर्ब १४ अर्ब र ब्याज भुक्तानी २३ अर्ब ४२ करोड बराबर भएको छ । वाह्य ऋणको साँवा भुक्तानी २४ अर्ब ४ करोड र ब्याज ५ अर्ब २८ करोड खर्च भएको तथ्यांक छ । यस अवधिमा जम्मा साँवा खर्च १ खर्ब ३८ अर्ब र ब्याज खर्च २८ अर्ब ७० करोड बराबर भएको तथ्यांक छ ।

**कुन महिना कति ऋण प्राप्ति ?**

सरकारले पाँच महिनामा उठाएको सार्वजनिक ऋणमध्ये सबैभन्दा धेरै साउनमा उठाएको छ । साउनमा ४४ अर्ब ६६ करोड उठाइएको छ । भदौमा ३६ अर्ब १८ करोड, असोजमा २३ अर्ब ४१ करोड सार्वजनिक ऋण उठाइएको छ । यसैगरी कात्तिकमा ३८ अर्ब ३६ करोड र मंसिरमा ३२ अर्ब ४८ करोड ऋण उठाइएको छ ।

नेपालजस्ता मुलुकमा सार्वजनिक ऋण लिनु आवश्यक र हे पनि यसको सही सदुपयोगमा विज्ञले जोड दिँदै आएका छन् । राष्ट्र बैंकको तथ्यांक अनुसार नेपालमा २०७३/७४ देखि २०८०/८१ बीचमा सार्वजनिक ऋण वृद्धिदर औसत १९ प्रतिशत थियो । यस अवधिमा आन्तरिक ऋण वृद्धिदर २२.९ प्रतिशतले भएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# रणवीरले छाडेका हुन् 'डन ३' ?

काठमाडौं/बलिउड अभिनेता रणवीर सिंह यतिबेला चर्चाको केन्द्रमा छन् । त्यसको कारण हो, उनको नयाँ फिल्म 'धुरन्धर'ले बक्स अफिसमा गरेको असाधारण व्यापार । ६ सय करोडको संघारमा रहेको यो फिल्ममा उनले निभाएको हमजा र जसकीरतको भूमिका निकै रुचाइएको छ । उनी अब यसको दोस्रो श्रृंखलामा पनि देखिँदैछन्, जुन आगामी मार्चमा रिलिज हुँदैछ ।

'धुरन्धर'ले ठूलो व्यावसायिक सफलता हासिल गरिरहँदा रणवीरले निर्देशक फरहान अख्तरको महत्वाकांक्षी फिल्म 'डन ३'बाट हात झिकेको चर्चा एकाएक चुलिएको छ । पिंकविलाको रिपोर्ट अनुसार उनले फिल्ममा काम नगर्ने आफ्नो निर्णयबारे फरहानलाई जानकारी गराइसकेका छन् । यद्यपि, उनले फिल्म छाडेकोबारे दुवै पक्षबाट पुष्टि हुन बाँकी छ ।

'डन ३'बाट रणवीर बाहिरिनुको कारणबारे पिंकविलाले स्रोतको भनाइ उद्धृत गर्दै रिपोर्टमा भनेको छ, 'रणवीर 'धुरन्धर'को सफलतापछि स्पष्ट छन् कि उनी अब कुन किसिमका फिल्म गर्न चाहन्छन् । उनी सञ्जय लीला भन्साली, लोकेश कनगराज र एटली जस्ता मेकरसँग काम गर्न इच्छुक छन् । उनी लगातार ग्याङस्टर फिल्ममा देखिन चाहँदैनन् । यसैले उनले 'डन ३' छाडेका हुन् ।'

उनी अब निर्माता जय मेहताको फिल्म 'प्रलय'को छायांकन सुरु गर्ने तयारीमा छन् । जबकि, यो फिल्मको छायांकन 'डन ३'को रिलिजपछि मात्र हुँदै थियो । रणवीरले अब आफ्नो फिल्मलाई समय दिने भएपछि यतिबेला मेहता छायांकनको तारिख र सेड्युल मिलाउन जुटेको पिंकविलाले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# निर्मल माविलाई प्राविधिक विद्यालय बनाउनुपर्छः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले निर्मल माविलाई प्राविधिक विद्यालयको रुपमा अगाडि बढाउनुपर्ने बताएका छन् ।



मंगलबार विद्यालयको स्वर्ण महोत्सव समारोहको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले भविष्यमा प्राविधिक विद्यालय बनाउने गरी निर्मल माविले सीपमुलक तालिमहरु सञ्चालन गरेर प्रविधिको तीव्रतर विकासलाई आत्मसात् गरेको बताए । ‘अहिले एआईको जमाना हो, यस विद्यालयले पनि नयाँ प्रविधि आत्मसाथ गरिरहेको महसुस भएको छ,’ मुख्यमन्त्री बानियाँले भने । शिक्षा मानिसको जीवनायापन गर्ने माध्यम भएकोले विगतको शिक्षा प्रणालीलाई परिवर्तन गर्नुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले शिक्षालाई आयआर्जनसंग जोडेर गरिखाने शिक्षा प्रणाली अवलम्बन गर्नुपर्ने बताए ।

विद्यालयलाई बस उपलब्ध गराउन बजेटको व्यवस्था गर्ने उनले प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा बागमती प्रदेश सरकारबाट विद्यालयलाई करिब सात लाख रुपैयाँ सहयोग उपलब्ध भएको जानकारी दिँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्षले यो रकम थपगरी २० लाख पुऱ्याइदिन अनुरोध गरेका थिए । यसप्रति सकारात्मक प्रतिक्रिया दिँदै मुख्यमन्त्री बानियाँले २० लाख रुपैयाँको व्यवस्थापन आफूले गर्ने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले ‘गरिबका छोराछोरीले नै देश र गाउँ चलाउने हुन्’ भन्दै जिम्मेवारी सही ढंगले प्रयोग गरे जनताले गणतन्त्र गरिबकै लागि भएको महसुस गर्ने बताए ।

उनले समावेशी र समानुपातिक विकासलाई आत्मसाथ गर्दै तीनै तहका सरकारले विद्यालयलाई नयाँ प्रविधिसँग जोडेर ‘पढ्दै-कमाउँदै’ अघि बढ्ने नीति लिएको उल्लेख गरे । उनले शिक्षालाई नयाँ प्रविधिसँग जोडेर अगाडि बढाउन बागमती प्रदेश सरकार सधैं तयार रहेको स्पष्ट पारे । महोत्सवको उद्घाटन समारोहमा सामाजिक विकास मन्त्री कन्चनचन्द्र बादे, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार बुद्ध लामा, हेटौंडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओली, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यलगायतको उपस्थिति रहेको थियो ।

स्वर्ण महोत्सवमा प्रत्येक दिन विशेष कार्यक्रम गरी मनाइने जनाइएको छ । महोत्सवअन्तर्गत बुधबारदेखि शुक्रबारसम्म पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता हुने विद्यालयका प्रधानाध्यापक प्रबोध बिडारीले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने टोलीले ७५ हजार, द्वितीय हुनेले ५० हजार र तृतीय हुने टोलीले सन्त्वना पुरस्कार १५ हजार रुपैयाँ पाउने छन् । उत्कृष्ट खेलाडीले १० हजार रुपैयाँ पुरस्कार पाउनेछ । महोत्सवअन्तर्गत बिहीबार विद्यालय परिसरमा नगरस्तरीय विद्यार्थी हाजिरीजवाफ प्रतियोगिता हुनेछ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: १५ हजार, १० हजार र ६ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने चौथो स्थान हासिल गर्नेले ४ हजार नगदसहित प्रमाणपत्र प्राप्त गर्ने छ । महोत्सवमा शिक्षक नृत्य प्रतियोगिता पनि रहने बताइएको छ । विद्यालयले महोत्सव अवधिभर खानाको स्टल तथा मिनी व्यापार महोत्सव समेत सञ्चालन गरिने भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: १५ हजार, १० हजार र ७ हजार रुपैयाँ पुरस्कार पाउने छ । सान्त्वना स्वरुप ५ हजार पुरस्कार राशिको व्यवस्था गरिएको छ । विद्यालयमा हाल १ हजार ३ सय विद्यार्थी अध्ययनरत् छन् ।

# कावासोती गोल्डकपमा हेटौंडा फुटबल एकेडेमीको सुखद् सुरुवात




साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/ नवलपुर जिल्लामा जारी पहिलो संस्करणको कावासोती गोल्डकप फुटबल प्रतियोगितामा मकवानपुरको हेटौंडा फुटबल एकेडेमीले प्रभावशाली प्रदर्शन गर्दै सुखद् सुरुवात गरेको छ ।

मंगलबार नवलपूरको कावासोती नगरपालिकाको सनलाइट एसडीसी आयोजनामा भएको प्रतियोगिताअन्तर्गत आफ्नो पहिलो खेलमा हेटौंडा फुटबल एकेडेमीले आयोजक कावासेती ‘बी’ लाई ४-० गोलको फराकिलो अन्तरले पराजित गरेको छ । हेटौंडा फुटबल एकेडेमीको टिमले आयोजक टोलीविरुद्धको पहिलो आक्रमण र रक्षामा उत्कृष्ट तालमेल देखाउँदै खेललाई आफ्नो नियन्त्रणमा लिन सफल भएको हो । खेलको सुरुवातदेखि नै आत्मविश्वासका साथ उत्कृष्ट प्रस्तुति गरेको हेटौंडाको तर्फबाट दिवस श्रेष्ठले पहिलो हाफको ३२ औं मिनेटमा गोल गर्दै सुरुवात अग्रता दिलाए ।

मिडफिल्डमा बल पोजेसनमा स्पष्ट अग्रता बनाउँदै हेटौंडाले क्रमश: आक्रमणका अवसर सिर्जना गऱ्यो । पहिलो हाफमै अग्रता बनाएको टोलीले दोस्रो हाफमा पनि खेलको गति कायम राख्दै विपक्षीमाथि निरन्तर दबाब सिर्जना गर्दै पुन: दिवस श्रेष्ठलनै दोस्रो हाफको १३ मिनेटमा पुन गोल फर्काउन सफल भएका थिए । रक्षात्मकरुपमा अनुशासित देखिएको हेटौंडा टोलीले विपक्षीलाई कुनै सहज अवसर प्रदान नदिइकन आयोजकविरुद्ध उमेश सञ्जेलले १६ मिनेटमा गोल गर्दै ३-० को स्थितिमा पुऱ्याएका थिए । निकै दवाबमा परेका अयोजक विरुद्ध हेटौंडाको तर्फबाट मिलन स्याङ्तानले अन्तिम गोल गरेका थिए ।

हेटौंडाको तर्फबाट दिवस श्रेष्ठ म्यान अफ द म्याच घोषित हुँदै नगर पुरस्कार प्राप्त गरेका छन् । यही शनिबार हुने क्वार्टरफाइनल खेलमा सेमीफाइनल प्रवेशका लागि हेटौंडाको टोलीले जस्टजोन एफसीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँ र उपविजेता टिमले १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सेमीफाइनलमा पुगेर पराजित हुने दुई टिमले भने २५/२५ रुपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडीका लागि पुरस्कारको व्यवस्था गरिएको छ । कावासोती नगरपालिकाको प्रवर्द्धन र कावासोती नगरपालिका वडा नम्बर १६ र नवलपुर जिल्ला फुटबल संघको समन्वयमा पुस ५ गतेदेखिबाट सुरु भएको प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल पुस १६ गते हुनेछ ।

# कैलाश गोपीराङका १० घरमा शौचालय बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर १० गोपीराङमा १० घरमा शौचालय निर्माण हुने भएको छ । तामाङ र सीमान्तकृत चेपाङ समूदायको बसोबास रहेको ठाउँमा शौचालय निर्माण हुने भएको हो ।



सुरक्षित तथा व्यवस्थित शौचालय निर्माण हुने भएपछि स्थानीयमा खुशी छाएको छ । मंगलबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले लाभग्राहीलाई शौचालय प्यान हस्तान्तरण गर्दै समय सीमाभित्र निर्माण गर्न आग्रह गरेका छन् । ‘खाल्डो खनीसक्नुभएको छ, अब तोकिएको सयम भित्र निर्माण सम्पन्न गर्नुस्’ उनले भने, ‘राज्यले एकघर एकधाराको अवधारणा ल्याएसँगै यसको सूचकमा शौचालय र सर सफाई रहने छ ।’ जथाभावी दिशा पिसाबले विभिन्न रोग, पानीजन्य रोगहरु लाग्ने भएकाले शौचालयमै दिशापिसाब गरिनुपर्ने उनले सुझाए । ‘संस्थाको आफ्नो नियम रहन्छ, समय सीमाभित्रै शौचालय निर्माण गर्नुस्,’ उनले भने ।

अध्यक्ष मुक्तानले गाउँपालिकाले छिट्टै सुरक्षित खानेपानीको लागि काम गर्ने पनि बताए । कार्यक्रममा वडा १० का वडाध्यक्ष सूर्यबहादुर ब्लोनले सरसफाइमा ध्यान दिन आग्रह गरेका छन् । शौचालय निर्माणपछि बालबालिका र वयोवृद्धलाई सहजता रहने उनले बताए । ३५/३६ घरधुरी छ, पहिलोचरणमा १० घरलाई शौचालय निर्माण गरिने, समयमै निर्माण सके दोस्रोचरणमा १० घरलाई शौचालय निर्माण सामग्री वितरण गरिने वडाध्यक्ष ब्लोनले बताए । बाल विकास कार्यक्रम नेपालले पहिलोचरणमा १० घरधुरीलाई शौचालय निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण निर्माण सामग्री सहयोग गरेको हो ।

यसअघि कैलाश-३ खिर्कीमा २० घरधुरीलाई आवश्यक सामग्री हस्तान्तरण गरी निर्माणकार्य भइरहेको छ । संस्थाले गाउँपालिकाभित्र शिक्षा र स्वास्थ्यसँग विभिन्न काम गर्दै आइरहेको छ । हस्तान्तरण कार्यक्रममा बाल विकास कार्यक्रम नेपाल कार्यक्रम संयोजक कमल अर्याल, हरिबहादुर भण्डारी, सावित्री लामा, रामलाल स्याङ्बो लगायतको उपस्थिति रहेको थियो । संस्थाको निमय र लाभग्राहीसँगको सम्झौता अनुरुप सामग्री हस्तान्तरण गरेको २५ दिनभित्र निर्माण सम्पन्न गर्नुपर्ने जनाइएको छ । शौचालय निर्माणका लागि सिमेन्ट, रड, प्यान, जस्तापाता, बालुवालगायत अन्य सामग्रीहरु हस्तान्तरण गरिएको थियो ।

# निर्वाचन सफल बनाउने समझदारी, बालुवाटारमा फेरि विस्तृत छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ८ पुस/फागुन २१ गते हुने निर्वाचन सम्पन्न गर्नका लागि वातावरण सहज बनाउने समझदारी भएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा मंगलबार अपरान्ह प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्माओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको छलफलमा यस्तो सहमति भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिएका छन् । यसका लागि चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी बनेको छ ।

‘देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो’, राष्ट्रपति पौडेलले छलफलमा भनेको भनाइ उदृत गर्दै पोखरेलले भने ।

राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्री सहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेतालाई आग्रह गरेका छन् ।

Government of Nepal
Ministry of Home Affairs
Bagmati Province Police Office
HetaudaMawanpur

**Invitation for Online-Bids**

*Date of First Publication: 2082/09/09 (24Dec2026 )*
*Invitation for Bid No.: SQ/BPPO Hetauda/2082-083/01*

Province Police Office Hetauda Makwanpur invites online- bids for **Construction Work of Dog Kennel At Bagmati Province Police Office Hetauda, Makwanpur** from registered, eligible and interested firms. For more detail bidders may visit and download from e-GP system http://www.bolpatra.gov.np/egp

**हार्दिक बधाई तथा शुभकामना**



नेपाल जेसीज वर्ष २०२६ का लागि राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हेटौंडा जेसीज वर्ष २०२४ का शाखा अध्यक्ष एवम् नेपाल जेसीज वर्ष २०२५ का राष्ट्रिय महासचिव सिनेटर **विकेश लाल श्रेष्ठ** ज्यू हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

**जेसी संजय कुमार न्यौपाने**
**महासचिव वर्ष २०२५**
**एवम् हेटौंडा जेसीज परिवार**

“मेरो विद्यालय, मेरो सहभागिता”

**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौंडा-१९, वस्तिपुर
**को**
**स्वर्ण महोत्सव**

**कार्यक्रम समय तालिका:**

| क्र.सं. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०८२ पौष ८ गते | विहान ११ वजे | वागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय ईन्द्र ब. वानियाँ ज्यूबाट समुद्घाटन स्तम्भ अनावरण, विद्यालय गीत र डकुमेन्ट्री सार्वजनिक, स्काउट मार्च प्रतियोगिता |
| २. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगरप्रमुख श्री मीनाकुमारी लामाज्यूवाट पालिकास्तरीय पुरुष भलिवल प्रतियोगिता उद्घाटन |
| ३. | २०८२ पौष ९ गते | विहान ११ वजे | नगर उपप्रमुख श्री राजेश वानियाँज्यू बाट जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता उद्घाटन |
| ४. | २०८२ पौष १० गते | विहान ८ वजे | प्रतिनिधि सभाका नि. माननीय श्री महेश वर्तौलाज्यूवाट सम्पूर्ण रोगहरुको उपचार सुविधा सहित वृहत स्वास्थ्य शिविर, रक्तदान, उद्घाटन |
| ५. | २०८२ पौष १० गते | विहान ११ वज | नगरस्तरीय विधार्थी हाजिरीजवाफ प्रतियोगिता |
| ६. | २०८२ पौष ११ गते | विहान ११ वजे | माननीय कुमारी मुक्तानज्यूवाट नगरस्तरीय विधार्थी नृत्य प्रतियोगिता उद्घाटन |
| ७. | २०८२ पौष १२ गते | दिउसो ३ वजे | माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री दिनेशचन्द्र देवकोटाज्यूबाट समापन कार्यक्रम |

**नोट**: सास्कृतिक कार्यक्रम र खाना तथा व्यापार मिनि महोत्सव ५ दिन सम्म सञ्चालन रहनेछ ।
कार्यक्रमको श्रोत पूर्वाधारका कार्यहरु सरकारी निकायहरुवाट र वाकी समाजसेवी, अभिभावक, ईच्छुक महानुभावहरु र पुर्व विधार्थीहरुवाट उठाएको रकम ।

आयोजक:
**श्री निर्मल माध्यमिक विद्यालय स्वर्ण महोत्सव मूल समारोह समिति**
हेटौंडा-१९, वस्तिपुर, मकवानपुर

बागमती प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**सामाजिक विकास कार्यालय**
हेटौडा, नेपाल
फोन नं. ०५७-४१२७१६

**सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९ गते)

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०८२ माघ महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरुमा सहभागि हुन इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त फारम भरी यस कार्यालयमा (कार्यालय समय भित्र) पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित भएको छ ।

**१. संचालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | SLC/SEE उतिर्ण | कार्यालयको तालिम भबन कमाने | २०८२/०९/२९ गते विहान ११ बजे देखी | सामाजिक विकास कार्यालय, हेटौडा मकवानपुरमा पाइने वा यस कार्यालयको वेब साईट (www.sdohetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | जनरल मेकानिक्स | | ८ कक्षा उतिर्ण | | | |
| ३. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भबन | २०८२/०९/२८ गते विहान ११ बजे देखी | |
| ४. | प्लम्विङ्ग | | ८ कक्षा उतिर्ण | | | |
| ५. | सिलाई कटाई वेसिक | ३ महिने/३९० कार्य घण्टा | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भबन कमाने | २०८२/०९/२५ गते विहान ११ बजे देखी | |
| ६. | इलेक्ट्रोनिक्स मर्मत | | १० कक्षा उतिर्ण | | | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरूले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८२/०९/२३ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. तालिममा सहभागि हुने उम्मेदवारहरुको छनौट अन्तर्वाताद्वारा गरिने छ साथै अन्तर्वार्ताका लागी तोकिएको मितिमा यस कार्यालय, हेटौंडा-८, कमानेमा आफ्नो सक्कल कागजातहरु सहित उपस्थित हुनुपर्ने छ ।
३. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
४. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।
५. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
६. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५ देखी ६ घण्टा तालिम सञ्चालन गरिनेछ ।

**कार्यालय प्रमुख**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना